<u>वितरणपूर्व जाँच</u>

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि

**रिचर्ड बेनेटको वक्तव्य**

**राष्ट्रिय मानवअधिकार आयोगको आठौं वार्षिकोत्सवका अवसरमा प्रस्तुत**

**२०६४ जेठ १३, काठमाडौं**

महामहिम प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला; राष्ट्रिय मानवअधिकार आयोग (आयोग)का अध्यक्ष माननीय केदारनाथ उपाध्याय; आयोगका अन्य आयुक्तहरू; महामहिम तथा अन्य प्रतिष्ठित पाहुनाहरू, मानवअधिकारसम्बन्धी सङ्गठनका प्रतिनिधि, सञ्चारमाध्यमका प्रतिनिधि तथा मित्रहरू:

सर्वप्रथम, उच्चायुक्तको कार्यालयका तर्फबाट म तपाईंहरूको आठौं वार्षिकोत्सका अवसरमा आयोगलाई हार्दिक बधाई दिन चाहन्छु। बाह्र महिनाभन्दा केही बढी अवधिमा यस आयोगलाई बलियो खुट्टामा उभ्याउन केही महत्त्वपूर्ण कदमहरू चालिएका छन्: अन्तरिम संविधानमा यसलाई संवैधानिक निकायका रूपमा मान्यता दिइएको छ; संविधानअन्तर्गत आयोगका विशेष कार्य तथा अधिकारहरू खुलाइएको एउटा मस्यौदा कानुनमाथि काम भइरहेको छ; नयाँ आयुक्तहरूको नियुक्ति भएको छ र उहाँहरूले आफ्नो महत्त्वपूर्ण काम सुरु गर्नुभएको छ; मानवअधिकार संरक्षण र प्रवर्द्धनका निम्ति राष्ट्रिय संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समितिमा यसले आफ्ना समकक्षीहरूमाझ आफ्नो 'क' वर्गको हैसियत पुनः प्राप्त गरेको छ र यसले नयाँ ३ वर्षे रणनीतिक योजना लगभग पूरा गरेको छ।

आफ्नो नयाँ लोकतन्त्रको कुनेढुङ्गाका रूपमा मानवअधिकारलाई अङ्गीकार गर्ने समाजतर्फको सङ्क्रमणको नयाँ चरणमा नेपाल प्रवेश गर्दा यी उपलब्धिहरूले आयोगलाई आफ्ना चुनौतीपूर्ण कामहरू पूरा गर्न सहायता गर्नेछन् भन्ने म आशा गर्दछु।

पेरिस सिद्धान्तअनुरूप बनेका राष्ट्रिय संस्थाहरू राष्ट्रिय स्तरमा मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि साधक हुन्छन् भन्ने कुरा अहिले विवादरहित छ। ती स्वतन्त्र न्यायपालिका, उपयुक्त ढङ्गबाट भइरहेको न्यायसम्पादन, स्थायी मानवअधिकार समितिसहितको प्रतिनिधिमूलक राष्ट्रिय संसद तथा अन्य कुराका अतिरिक्त मानवअधिकार रक्षकलगायतका बलिया र गतिशील नागरिक समाजका सङ्गठन तथा सशक्त, स्वतन्त्र सञ्चारमाध्यमसहितका बलिया राष्ट्रिय मानवअधिकार संरक्षण प्रणालीका अभिन्न अङ्ग हुन्।

राष्ट्रिय संस्थाहरूले राष्ट्रिय मानवअधिकार संरक्षण प्रणालीमा योगदान दिन सक्ने धेरै उपाय छन्। पीडितहरूले न्यायिक उपचार पाउने कुरालाई सुनिश्चित गरेर गैरकानुनी हत्या, यातना तथा स्वेच्छाचारी थुना जस्ता महत्त्वपूर्ण मानवअधिकारका मुद्दाहरूलाई अंशतः सम्बोधन गर्नमा तिनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। तिनले दण्डहीनताविरुद्धको लडाइँ तथा कानुनी शासनलाई सुदृढ पार्ने कुरामा नेतृत्व लिन सक्छन्। नेपाललगायतका द्वन्द्वबाट अगाडि बढिरहेका देशहरूमा विगतका अपराधहरूमा जवाफदेहीता सुनिश्चित गर्न, सङ्क्रमणकालीन न्याय रणनीति तयार गर्न तथा मानवअधिकारलाई ध्यान दिने राष्ट्रिय मेलमिलापलाई हुर्कन दिन राष्ट्रिय संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेल्छन्। जोखिमयुक्त समूहहरू भेदभावबाट संरक्षित हुने कुरा सुनिश्चित गर्न राष्ट्रिय संस्थाहरूले केन्द्रीय भूमिका खेल्न सक्छन्। कानुनको पालना गराउने कार्य तथा न्याय सम्पादनका महत्त्वपूर्ण क्षेत्रलगायतमा राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप भएको कुरा सुनिश्चित गरी व्यवस्थाबाट संरक्षण,

क्षतिपूर्ति तथा प्रभावकारी कानुनी उपचार प्रदान गराउन ती अग्रमोर्चामा रहन सक्छन्। र, निश्चय नै राज्यलाई आर्थिक तथा सामाजिक अधिकार प्रदान गर्ने कुरामा राज्यलाई मद्दत गर्ने राष्ट्रिय संस्थाहरूको भूमिकालाई कहिल्यै कम आँकलन गर्नु हुँदैन - आयोगको नयाँ रणनीतिले यसलाई आफ्नो प्राथमिकतामा राखेको कुरा उल्लेख गर्दा म धेरै खुसी छु।

राष्ट्रिय संस्थाहरू त्यस्ता संस्था पनि हुन् जसले राष्ट्रिय स्तरमा अन्तर्राष्ट्रिय मानवअधिकारका मान्यताहरू लागू हुने कुरा सुनिश्चित गर्न मद्दत गर्न सक्छन्। यसरी मानवअधिकार परिषद्, सन्धि निकाय तथा विशेष कार्यदिष्टा एवं उच्चायुक्तको कार्यालय जस्ता अन्तर्राष्ट्रिय मानवअधिकार प्रणालीका संयन्त्रहरूसँग उनीहरूको स्थायी सम्बन्ध हुन्छ।

नेपालतर्फ फर्कंदा, उच्चायुक्तले २०६३ माघमा तथा उप-उच्चायुक्तले केही महिनाअघि गरेको नेपाल भ्रमणका क्रममा लगायत उच्चायुक्तको कार्यालयले केही समयदेखि दण्डहीनता तथा भेदभावविरुद्ध लड्ने कार्य शान्ति प्रक्रियालाई सबल बनाउने सरकारको प्रयासको केन्द्रमा हुनुपर्ने मूल्याङ्कन गरेको छ र मेरो कार्यालय विशेषगरी आयोगलगायत अन्यसँग साझेदारीमार्फत् यस सम्बन्धमा सहायता गर्न तयार छ।

यो साता संविधानसभा सुरु भएर नेपालले एउटा ठूलो कदम चाल्नेछ। संविधानमा मानवअधिकारसम्बन्धी बलिया र प्रभावकारी प्रावधानहरू भएको कुरा सुनिश्चित गर्न खोजेर मात्र होइन यस प्रक्रियालाई सम्भव भएसम्म सहभागितात्मक बनाउन मद्दत गरेर आयोगले संविधान निर्माण प्रक्रियामा योगदान गर्ने योजना बनाउन थालिसकेको कुरालाई म स्वागत गर्दछु। आयोग र उच्चायुक्तको कार्यालयले मानवअधिकार र संविधानका सम्बन्धमा परामर्श गर्ने जिल्लास्तरका कार्यक्रम ल्याउने एउटा सामयिक प्रस्तावमाथि पहिलेदेखि नै छलफल गरिरहेका छन्। अधिकार र स्वतन्त्रतासम्बन्धी अध्यायहरूमा मात्र होइन पूरा पाठभर अपवादहरूलाई सीमित गरेर तथा तिनको व्याख्या गर्ने तरिकामा पनि मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि मौलिक कानुनका रूपमा संविधानको विशाल महत्त्व छ भन्ने कुरालाई म यहाँ जोड दिन चाहन्छु।

यहाँ नेपालमा एवं अन्य देशहरूमा तथा क्षेत्रीय स्तरमा उच्चायुक्तको कार्यालयले राष्ट्रिय मानवअधिकार आयोगहरूसँगको आफ्नो साझेदारीलाई सुदृढ बनाइरहेको छ। मैले उल्लेख गरेका सबै नभएपनि धेरै मुद्दाहरूमा हामी आयोगसँग काम गर्ने आशा गर्दछौं। हाम्रो साझेदारी मूलतः समझदारीपत्र तथा यूएनडीपीसँगको सहकार्यमा जुलाईमा सुरु हुने सीडीएनएचआरसी आयोजनाको दोस्रो चरणमार्फत् अभिव्यक्त हुनेछ। हामी आयोगसँग काम गरिरहेका युरोपेली सङ्घ जस्ता अन्य साझेदारको सहयोगको पनि स्वागत गर्दछौं। मैले यो कुरा पहिले भनिसकेको छु र पुनः दोहऱ्याउँछु- नेपालमा उच्चायुक्तको कार्यालयको उपस्थितिको सफलताको मुख्य नापो कुन मात्रामा आयोगलाई केन्द्रमा राखेर अन्तर्राष्ट्रिय मानवअधिकार प्रणालीसँग स्थायीरूपमा गाँसिएको दिगो राष्ट्रिय मानवअधिकार संरक्षण प्रणाली निर्माण गर्न सकिएको छ भन्ने हुनेछ। हामी आउँदा महिनामा आयोगसँग अझ नजिकबाट काम गर्न अत्यन्त प्रतीक्षारत छौं।

अब म आयोगले सामना गरेका केही मुद्दाहरूतर्फ फर्कने अनुमति चाहन्छु। आईसीसीको मान्यता प्रदान गर्ने उपसमितिले अन्य कुराका अतिरिक्त "आयोगसँग पूर्ण वित्तीय स्वायत्तता हुने वित्तीय प्रणाली हुनुपर्छ" भन्ने उल्लेख गऱ्यो। सो उपसमितिको मार्गनिर्देशिकाले राज्यद्वारा उपलब्ध गराइने पर्याप्त रकमको प्रावधानमा कम्तीमा पनि देहायका कुरा समावेश हुनुपर्ने उल्लेख गरेको छः क) कम्तीमा मुख्यालयमा पर्याप्त आवासका लागि रकम विनियोजन; ख) सार्वजनिक सेवाको तलबमान तथा सर्तसँग तुलनायोग्य हुने गरी यसका कर्मचारीहरूलाई तलब तथा सुविधा; ग) आयुक्तहरूको पारिश्रमिक; र घ) टेलिफोन तथा इन्टरनेटलगायतका सञ्चार प्रणालीको स्थापना। सो उपसमितिले यो मुद्दामाथि अक्टोबरमा पुनः विचार गर्नेछ। सो उपसमितिले आयोगलाई नागरिक समाजका सँगठनहरूसँगको आफ्नो अन्तरक्रियालाई सुदृढ बनाउन प्रोत्साहन पनि गऱ्यो र आयोगले नेपालको

मानवअधिकारसम्बन्धी चुनौतीहरूलाई सफलतापूर्वक सम्बोधन गर्ने हो भने यसलाई नागरिक समाजबाट नैतिक तथा वास्तविक दुवै सहयोग अत्यावश्यक छ।

म यो अवसरमा आयोगको सुदृढीकरण तथा प्रभावकारिताका लागि मैले महत्त्वपूर्ण ठानेका तथा सरकारको जिम्मेवारी रहेका अरू दुईवटा कुरा पनि उल्लेख गर्न चाहन्छु: मैले यसअघि उल्लेख गरेको काम गर्न समर्थ बनाउने कानुन पारित गर्ने कार्य तथा आयोगका सिफारिसहरूको कार्यान्वयन।

अन्ततः महिलाहरू नयाँ नेपालका महत्त्वपूर्ण निर्माता हुन् भनेर हालैको निर्वाचनले देखाएको छ। उनीहरू मतदान गर्न ठूलो सङ्ख्यामा गए र संविधानसभामा रहेका महिलाहरूको प्रभावकारी सूची हामीसँग छ। यद्यपि प्रत्येक बिहानको समाचारपत्रले महिलाविरुद्ध भएका डरलाग्दा अपराधका कथाहरू दिन्छन् र तिनमा अपराधीलाई सजाय गर्न पर्याप्त काम भएको कमै प्रमाण पाइन्छन्। नेपालले यस अपराधका सबै पक्षहरूलाई समेट्ने गरी घरेलु हिंसासम्बन्धी विस्तृत कानुन बनाउनु वाञ्छनीय भए तापनि महिलाविरुद्धका अपराधका घटनामा अभियोजन गर्ने विद्यमान कानुनहरूमा पर्याप्त प्रावधान छन्। घरेलु हिंसामा देखिएको कारबाहीको अभावले नेपाललाई महिलाविरुद्धको हिंसाविरुद्ध लड्न अत्यन्त कम काम गरेकोमा जवाफदेही बनाउन सकिने देखाउँछ।

उच्चायुक्तको कार्यालय तथा आयोग एउटा साझा लक्ष्य - मानवअधिकारको प्राप्ति - का लागि प्रयत्न गर्छन् भन्ने कुरामा कुनै शङ्का छैन। निकट रही कार्य गरेर त्यस लक्ष्यलाई नेपालमा ठोस यथार्थमा परिणत गर्ने राम्रो मौका हामीसँग रहेको छ।

धन्यवाद।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**